समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

वर्षः २९, अंकः९७
शुक्रबार,४ मंसिर २०८३
(Friday, 20 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

kalpristhanews.com

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

डिजिटल माध्यमबाट जनतासँग जोडिदै बाँके कांग्रेस

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ३ मंसिर



नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको निर्देशन अनुसार बाँके कांग्रेसले डिजिटल माध्यमबाट जनतासँग जोडिदै समाज परिवर्तनमा सक्रिय हुने अभियानको सुरुआत गरेको छ। जस अन्तर्गत नेपाली कांग्रेस नेपालगन्ज उपमहानगरपालिका नगर कार्यसमिति बाँकेको आयोजनामा बिहिबार डिजिटल प्रतिनिधित्व सम्बन्धी परामर्श भेला सम्पन्न भएको छ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् केन्द्रीय प्रतिनिधि जन्मजय तिमिल्सिनाको प्रमुख आतिथ्यमा भएको भेलामा डिजिटल माध्यमबाट पार्टीको बिचार जनता सम्म लग्नको लागि आम कार्यकर्ताले सक्रिय भएर लाग्न निर्देशन दिइएको थियो। नगर सभापति धनराज बर्माको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् केन्द्रीय प्रतिनिधि जन्मजय तिमिल्सिनाले पछिल्लो समय पार्टीलाई बदनाम गराउने उद्देश्यले भ्रमर्छन गरिने सुचनाको खण्डन गर्नु पर्ने बताउनु भयो।

उहाँले भन्नु भयो, 'पार्टीले पहिलो पटक डिजिटल माध्यमबाट आफना बिचार तथा कार्यक्रम जनता सम्म लग्ने प्रयास गरेको छ। हामीले हाम्रो इतिहास नयाँ पुस्तालाई बुझाउनु पर्नेछ। हामीमा कमी कमजोरी छन। त्यसलाई सुधार गर्दै जनताको हितमा हामीले काम गर्ने प्रयास गर्नु पर्छ।'

नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधान्शु कोइरालाले पछिल्लो समय सामाजिक संजालको माध्यमबाट युवाहरूको मतिष्कमा कांग्रेसले केहि गरेन भन्ने भ्रम सृजना गर्ने गतिविधि भैरहेकोले त्यसलाई खण्डन गर्नु पर्ने बताउनु भएको छ। उहाँले भन्नु भयो, 'कांग्रेस अब नविन सोच र योजनका साथ जनता माझ जादैछ। एल्गोरिदमको माध्यमबाट हामीलाई कमजोर बनाउने प्रयास भएका छन्। डिजिटल माध्यमबाट नेपाली समाजलाई भ्रमित गर्ने प्रयास भएका छन्। एल्गोरिदमबाट नकारात्मक कुरालाई स्थापित गरेर सत्ता पुगेको पार्टीले नेपाली समाजमा गलत दिशामा लग्ने प्रयास गरेको छ।'

नेपाली कांग्रेस बाँकेका सभापति नारायण प्रसाद गौडेलले डिजिटल प्रतिनिधित्व सम्बन्धी परामर्श भेलाले पार्टीलाई बलियो बनाउने बताउनु भयो। उहाँले नेपाली कांग्रेसलाई कमजोर बनाउने चलखेललाई खण्डन गर्नु पर्ने सुझाव दिनु भयो। नेपाली कांग्रेसको संगठनलाई बलियो बनाउन डिजिटल प्रतिनिधित्व सम्बन्धी परामर्श भेला महत्वपुर्ण सावित हुने विश्वास व्यक्त गर्नु भयो। अहिलेको सरकारले नेपाली कांग्रेसलाई कमजोर बनाएर नयाँ चलखेल गर्ने प्रयास गरेको आरोप लगाउनु भयो।

नेपाली कांग्रेसका केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रशान्त विष्ट एवम् नेपालगन्ज उपमहानगरपालिका नगर प्रमुख प्रशान्त विष्टले पार्टीको संगठन भन्दा बाहिर बसेर गतिविधि गरिरहेको साथीहरूलाई जोड्दै कांग्रेसलाई बलियो बनाउनु पर्ने बताउनु भयो। कांग्रेस भित्रको आन्तरिक संकटले देशलाई कमजोर बनाउने भएकोले फरक विचार राख्ने साथीहरूसँग सहकार्य गरेर लोकतन्त्रलाई बलियो बनाउने प्रयास गर्नुपर्ने उहाँले बताउनु भयो।

यसैगरी पार्टी कांग्रेस पार्टी कार्यालय भएको डिजिटल प्रतिनिधित्व सम्बन्धी परामर्श भेला कार्यक्रममा पार्टीका विभिन्न पदमा रहनु भएका नेताहरूले कार्यक्रममा सम्बोधन गर्दै डिजिटल माध्यमसँग जोडिएर पार्टीको सिद्धान्त, योजना र कार्यक्रमलाई प्रभावकारी बनाउन सक्रिय हुनु पर्नेमा जोड दिनु भएको थियो। नगर उपसभापति शरद राज अधिकारीले स्वागत गरेको कार्यक्रममा नेपाली कांग्रेस बाँके क्षेत्र नम्बर २ प्रदेश (ख)सभापति प्रदिप साहु तेली, केन्द्रीय महाधिवेशन प्रतिनिधि एवम् महिला संघ बाँके जिल्ला अध्यक्ष नारायणी रूपाखेती लगायतले सम्बोधन गर्नु भएको थियो।

अष्टमको पशुबिमा कार्यक्रम प्रभावकारी बन्दै

कृष्ण केसी

बाँके, ३ मंसिर

बाँकेको राप्ती सोनारी गाउँपालिका-८ मा रहेको अष्टम साना किसान कृषि सहकारी संस्था लिमिटेडले किसानको पशुधनको सुरक्षा र आर्थिक जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गर्दै आएको पशुबिमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगेको छ।

विगत नौ वर्षदेखि सञ्चालन हुँदै आएको उक्त कार्यक्रमबाट क्षेत्रका सयौँ किसान लाभान्वित भएका छन्। अन्य बीमा कम्पनीमार्फत पशुबिमा गर्दा क्षति दाबी भुक्तानीका लागि लामो समय कुर्नुपर्ने तथा उचित क्षतिपूर्ति नपाउने समस्या देखिएपछि सहकारीले आफ्ना सदस्य किसानलाई लक्षित गरी पशुधन सुरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको हो।

सहकारीले आर्थिक वर्ष २०८३ र ८४ मा गाई तथा भैँसी गरी कुल २ हजार ५०० पशुको बीमा गर्ने लक्ष्य लिएको छ। कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन पशुप्राविधिक खेमराज खनाललाई कार्यक्षेत्रमा खटाइएको संस्थाले जनाएको छ।

कार्यक्रमअन्तर्गत गाई तथा भैँसीको प्रत्यक्ष मूल्याङ्कन गरी प्रतिलाख रूपैयाँ बराबरको पशुधनका लागि एक वर्षको बीमा प्रिमियमबापत किसानले १ हजार २५० रूपैयाँ मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको छ।

बीमा गरिएको पशुको मृत्यु भएमा आवश्यक प्रक्रिया पूरा गरी १५ दिनभित्र बीमाङ्कित रकमको ७० प्रतिशत राहतस्वरूप भुक्तानी गर्ने व्यवस्था मिलाइएको सहकारीले जनाएको छ। यसले पशु क्षतिका कारण आर्थिक समस्यामा पर्ने किसानलाई तत्काल राहत पुग्ने अपेक्षा गरिएको छ।

किसान मैत्री अवधारणाअनुसार सञ्चालन गरिएको यस कार्यक्रमले पशुपालन व्यवसायमा देखिने आर्थिक जोखिम कम गर्नुका साथै किसानलाई पशुधन सुरक्षणप्रति प्रोत्साहित गरेको छ। सहकारीको यस पहलले राप्ती सोनारी गाउँपालिकामा पशुपालन व्यवसायलाई थप सुरक्षित, व्यवस्थित र व्यावसायिक बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

प्रेस युनियन बाँकेले आज 'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' प्रदान गर्दै

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ३ मंसिर

नेपाल प्रेस युनियन बाँकेले भोली शुक्रबार 'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' प्रदान गर्ने तयारी गरेको छ। बाँकेमा क्रियाशिल महिला पत्रकारहरूको क्षमता अभिवृद्धि गर्दै पत्रकारितामा क्रियाशिल रहनको लागि हौसला प्रदान गर्ने उद्देश्यले संचालन गरिएको 'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' मा उत्कृष्ट तिन महिला पत्रकारलाई पुरस्कृत गरिनेछ। जसमा प्रथम हुने ८ हजार, दोस्रोले ५ हजार र तेस्रोले ३ हजार रूपैयाँ प्राप्त गर्नेछन्।

त्यस्तै विभिन्न स्थान हासिल गर्ने महिला पत्रकारहरूलाई नेपाली कांग्रेसका नवनिर्वाचित केन्द्रिय सदस्य सुधान्शु कोइराला र सिता काफ्लेले पुरस्कृत गर्ने नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष कमल खत्रीले बताउनु भयो।

महिला पत्रकारलाई लक्षित गरेर नेपाल प्रेस युनियन बाँकेले सुरु गरेको 'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' ले बाँकेमा क्रियाशिल महिला पत्रकारलाई पत्रकारिता क्षेत्रमा सक्रिय भएर काम गर्न उर्जा थप्ने काम गर्ने अध्यक्ष खत्रीले बताउनु भयो। उहाँले भन्नु भयो, 'हामीले यो कार्यक्रमलाई विशेष महत्वको साथ आयोजना गरिरहेको छौं। यस वर्ष थप परिस्कृत गर्दै महिला पत्रकारलाई यो कार्यक्रममा सहभागिताको लागि हामीले खुला रूपमा आवहान गरेको थियौं। उहाँहरूको पनि उत्साह जनक रूपमा सहभागिता रहेको थियो।'

'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' प्राप्त गर्नको लागि यस वर्ष आयोजक नेपाल प्रेस युनियन बाँकेले समाजमा सकारात्मक परिर्वतन, सफलता र प्रेरणा दिने महिलाहरूको प्रोफाइल तथा फिचर लेखनको लागि विषय वस्तु छनोट गरेको थियो। उक्त विषयमा बाँकेका करिब १ दर्जन महिला पत्रकारले प्रोफाइल तथा फिचर उत्पादन गरेर आयोजकलाई पठाएका थिए। सोही आधारमा नेपाल प्रेस युनियनको छनोट समितिले उत्कृष्ट महिला पत्रकार पुरस्कार प्राप्त गर्ने पत्रकारलाई छनोट गरेको थियो।

युनियन बाँके अध्यक्ष खत्रीले पत्रकारहरूलाई यस्ता लेखन अभिवृत्ति कार्यक्रमले महत्वपुर्ण सहयोग गर्ने बताउनु भयो। उहाँले भन्नु भयो,'यो कार्यक्रमले महिला पत्रकारलाई नयाँ विषयवस्तु र क्षेत्रमा अध्ययन गर्न, लेख्न अभिप्रेरित गर्छ। लेखनका आधारमा नगद पुरस्कार पनि पाउने भएकोले थौरै भएपनि आर्थिक रूपमा यसले सहयोग गर्छ। यस कार्यक्रम मार्फत पत्रकारितामा क्रियाशिल भएर काम गरिरहेको पत्रकारलाई थप सक्रिय बनाउने हाम्रो उद्देश्य हो।'

'महिला पत्रकार लेखनवृत्ति पुरस्कार-२०८३' को आयोजनाका क्रममा प्राप्त भएका सुझाव र सल्लाह अनुसार आगामी वर्ष देखि थप नयाँ ढंगले आयोजना गर्ने पनि युनियनले तयारी गरिरहेको अध्यक्ष खत्रीले बताउनु भएको छ।

नेपालगञ्ज उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र पार्क तथा काञ्जी हाउसका लागि आवश्यक मालसामान खरिद सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०८/०१)

यस नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ८ मा रहेको महेन्द्र पार्क तथा बडा नं. २१ मा रहेको काञ्जी हाउसमा रहेका जनावरहरुका लागि आवश्यक पर्ने तपसिल बमोजिमको मालसामानहरु खरिद गर्नुपर्ने भएकाले इच्छुक कृषक, फर्म, सप्लायर्स, संस्था लगायतले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा आफ्नो दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

क्र. सं.	मालसामानको नाम			
	नाम	स्पेसीफिकेशन	परिमान	एकाई
	महेन्द्र पार्क			
१	सरफ	सानो प्याकेट	३२	प्याकेट
२.	दाना	गाईभैँसी तथा अन्य	३२	केजी
३.	चामल	मोटो	५६	केजी
४.	गहुँ		९६	केजी
५.	धान	मोटो	१६०	केजी
६.	भटमास दाना		७७६	केजी
७.	चना	सानो	८४८	केजी
८.	मकै		१०८०	केजी
९.	चौकर पशु आहारा		१६००	केजी
१०.	घाँस		२४०	केजी
११.	गहुँको भुस		१६००	केजी
१२.	कुखुराको मासु		५५६.६०	केजी
१३.	ढिका नुन		५६	केजी
	काञ्जी हाउस			
१.	मसुरोको भुस		८००	केजी
	गहुँको चौकर		३२००	केजी
	तोरीको पिना		८००	केजी
	ढिका नुन		८०	केजी
	पराल		५०	टूली
	गहुँको भुस		८००	केजी

पेश गर्नुपर्ने कागजातहरुः
१. फर्म/संस्था दर्ता प्रमाणपत्र
२. PAN/VAT दर्ता प्रमाणपत्र
३. कर चुक्ता प्रमाणपत्र
४. कृषकको हकमा भने नागरिकता प्रमाणपत्रको प्रतिलिपि मात्र तथा कृषक नेपालगञ्ज उपमहानगरपालिका भित्रको हुनुपर्ने।

नोटः परिमाण आवश्यकता अनुसार थपघट हुन सक्नेछ। साथै यस विषयमा थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहोला अथवा nepalgunjmunstore@gmail.com मा mail गर्नुहुन अनुरोध छ।

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
बि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

प्रमको भारत भ्रमण र जनअपेक्षा



युवराज लम्साल

- भ्रमणको प्राथमिक उद्देश्य दुई सरकारबिच विश्वासको वातावरण निर्माण गर्नु हो
- भारत नेपालको नयाँ सरकार र रास्वपासँग सहकार्यमा उत्साहित
- उच्चस्तरीय छलफलमा के कस्ता मुद्दा उठाइएलान् भन्ने जिज्ञासा छ
- समस्यालाई कूटनीतिक कौशल र सुझबुझका माध्यमबाट समाधान गर्नु पर्छ
- भारतको आर्थिक रूपान्तरणबाट नेपालले लाभ लिन सक्नु पर्छ



नेपाल र भारत दुवै देशका जनताको वृहत्तर हितलाई ध्यानमा राख्दै द्विपक्षीय सम्बन्धलाई पुनर्संयोजन गरी नयाँ उचाइमा पुऱ्याउन गम्भीर देखिएका छन्। विशेष गरी नेपालमा वालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठनपछि यस प्रक्रियाले थप गति लिएको छ। भारत सरकार पनि नेपालको नयाँ सरकार र सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगको सम्बन्ध तथा सहकार्य विस्तार गर्न बढी उत्साहित देखिन्छ।

यस पृष्ठभूमिमा प्रधानमन्त्री वालेन्द्र शाह भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा भारतको औपचारिक भ्रमणमा जाँदै हुनुहुन्छ। २०८२ चैतमा प्रधानमन्त्रीको जिम्मेवारी समालेपछि उहाँको यो दोस्रो विदेश भ्रमण तथा पहिलो द्विपक्षीय भ्रमण हो। यसअघि उहाँले संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभालाई सम्बोधन गर्न गत असोजमा संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमण गर्नुभएको थियो।

प्रधानमन्त्रीको आसन्न भारत भ्रमणलाई विभिन्न कोणबाट चासो, जिज्ञासा र आशासाथ हेरिएको छ। परराष्ट्र मामिलाका जानकारदेखि आमनागरिकसम्ममा यस भ्रमणले के उपलब्धि हासिल गर्ला, कुन कुन विषयले प्राथमिकता पाउलान् र नयाँ दिल्लीमा हुने उच्चस्तरीय छलफलमा के कस्ता मुद्दा उठाइएलान् भन्ने जिज्ञासा छ। यस्तो जिज्ञासा रहनु पनि स्वाभाविकै हो। प्रधानमन्त्री शाहको यस भ्रमणलाई उच्च अपेक्षासँगै केही सावधानीपूर्वक पनि हेरिएको छ। यसबारे प्रधानमन्त्रीले भ्रमणका क्रममा विशेष सतर्कता र सावधानी अपनाउनु आवश्यक छ। प्रचलित भनाइ छ, "मित्र रोज्न सकिन्छ, छिमेकी रोज्न सकिँदैन।" त्यसैले छिमेकीसँगको सम्बन्धलाई परिस्थिति अनुरूप समायोजन गर्दै सुमधुर बनाइराख्नु पर्छ। छिमेकी सधैँ नजिकै हुन्छ र शान्ति तथा समृद्धिका लागि ऊसँग असल एवं सहयोगात्मक सम्बन्ध कायम गर्नु अपरिहार्य हुन्छ। छिमेकी मुलुकबिच प्रायः विभिन्न समस्या र मतभिन्नता हुन्छन् तर सँगसँगै सहकार्य र लाभ आदानप्रदानका अवसर पनि उपलब्ध हुन्छन्। साझा हितका अवसरको पहिचान र उपयोग गर्नु पर्छ भने समस्यालाई कूटनीतिक कौशल र सुझबुझका माध्यमबाट समाधान गर्नु पर्छ।

नेपाल र भारत भूगोल, इतिहास, संस्कृति, सामाजिक मूल्यमान्यता, सभ्यता, नदी प्रणाली तथा आर्थिक अन्तरसम्बन्धले जोडिएका निकटतम छिमेकी हुन्। यी दुई देशबिच एक हजार आठ सय किलोमिटरभन्दा लामो खुला सीमा छ र सामाजिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक समानताका अनेक पक्ष छन्। विभिन्न क्षेत्रमा यी दुई मुलुकबिच रहेको परस्पर निर्भरता र बहुआयामिक सम्बन्ध विश्वका अन्य दुई देशबिच बिरलै पाइन्छ। अन्तर्राष्ट्रिय मञ्चमा पनि नेपाल र भारतका दृष्टिकोण अधिकांश विषयमा समान छन्। तथापि केही विषयमा दुवै देशका धारणा तथा अडानमा भिन्नता पनि छन्।

भनिन्छ, मुलुकहरू भूगोलका बन्दी हुन्छन्। अर्थात् भूगोलले धेरै हदसम्म दुई देशबिचको सम्बन्धको प्रकृति र दिशा निर्धारण गर्छ। नेपाल तीनतिर पूर्व, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीनले घेरिएको भूपरिवेष्टित मुलुक हो तर व्यावहारिक दृष्टिले हेर्दा नेपाल भूपरिवेष्टित मात्र नभई भारतमा बढी निर्भर रहेको मुलुकका रूपमा पनि देखिन्छ। यस भौगोलिक यथार्थले नेपाललाई भारतसँगको सम्बन्धलाई विशेष प्राथमिकतासाथ व्यवस्थापन गर्न र मैत्रीपूर्ण एवं सहयोगात्मक सम्बन्ध कायम राख्न बाध्य बनाएको छ।

निकट छिमेकी भएका कारण नेपाल र भारतबिच समस्या र सम्भावना दुवै छन्। त्यसैले पारस्परिक लाभ सुनिश्चित गर्दै विभिन्न क्षेत्र र आयाममा सम्बन्ध व्यवस्थापन, सहकार्य र साझेदारी गर्नु यी दुवै मुलुकको साझा आवश्यकता र बाध्यता हो। दुवै देशका नेता यस वास्तविकताप्रति जानकार छन्। यद्यपि कहिलेकाहीँ राजनीतिक स्वार्थ र आन्तरिक राजनीतिको प्रभावले दुई निकटतम छिमेकीबिचको सम्बन्धलाई अनावश्यक रूपमा जटिल बनाउने गरेको छ। नेपाल र भारतका जनताको वृहत्तर हित तथा साझा समृद्धिका लागि यी दुई मुलुकबिच अझ घनिष्ठ सहकार्य अपरिहार्य छ। यसका लागि राजनीतिक नेतृत्व, सरकारी अधिकारी, राजनीतिक दल, नागरिक समाज, व्यवसायी तथा आमजनतासहित सबै तहमा संवाद, सम्पर्क र अन्तर्क्रिया विस्तार गर्न आवश्यक छ।

भारत अहिले आर्थिक तथा सामरिक कारणले महत्वपूर्ण शक्तिका रूपमा उदय हुँदै आएको छ। विश्व बैङ्कका अनुसार सन् २०११ देखि २०२३ सम्ममा भारतले ५० करोडभन्दा बढी मानिसलाई गरिबीबाट माथि उकासेको छ भने चरम गरिबीको दर २७ प्रतिशतबाट घटाएर २.६ प्रतिशतमा झारेको छ। भारतको आर्थिक रूपान्तरण र विकासको अनुभवबाट नेपालले सिक्न र लाभ लिन सक्नु पर्छ र यो नेपालको लागि ठुलो अवसर पनि हो। साथै आफ्नो सबैभन्दा नजिकको छिमेकी विश्वको आर्थिक शक्ति हुनु नेपालका लागि गौरवको विषय पनि हो। त्यसैले दुई देशबिचको सम्बन्धलाई थप सुमधुर, विश्वासपूर्ण र सहयोगात्मक बनाउनु आवश्यक छ। भारतले पनि नेपालसँगको सौहार्दपूर्ण सम्बन्ध र घनिष्ठ सहकार्य आफ्नै दीर्घकालीन हितमा रहेको तथ्य आत्मसात् गर्नु पर्छ।

निकटता र घनिष्ठताका साथै नेपाल र भारतबिच केही जटिल तथा संवेदनशील मुद्दा छन्, जसले बेलाबखत द्विपक्षीय सम्बन्धमा असहजता र तनाव उत्पन्न गर्ने गरेका छन्। सीमा जोडिएका र बहुआयामिक सम्बन्ध भएका मुलुकबिच विवाद देखिनु अस्वाभाविक होइन। सम्बन्ध र संलग्नता जति व्यापक हुन्छन्, त्यति नै विविध विषयमा मतभिन्नता र विवाद उत्पन्न हुने सम्भावना रहन्छ। नेपाल-भारतबिचका समस्यामा सीमासम्बन्धी विवाद, व्यापार, जलस्रोत र त्यसबाट प्राप्त हुने लाभको बाँडफाँट, सीमापार अपराध, हवाईमार्ग, सुरक्षा चासो तथा केही पुराना सन्धिसम्झौताका प्रावधानलगायतका विषय छन्। इतिहासका विभिन्न कालखण्डमा यी विषयले दुई निकटतम छिमेकीबिचको सम्बन्धमा उतारचढाव र असहजता उत्पन्न गरेका पनि छन्। तथापि दुवै मुलुकले यस्ता विषयलाई व्यवस्थापन गर्दै सम्बन्धलाई अगाडि बढाउन सफल भएका छन्। केही मुद्दामा मतभिन्नता रहे पनि निकट छिमेकीका रूपमा सम्बन्धलाई सुमधुर र सन्तुलित राख्नुको विकल्प दुवैसँग छैन।

विभिन्न समयमा नेपालले भारतबाट लगाइएका आर्थिक नाकाबन्दीको सामना गर्नु परेको तितो यथार्थ पनि हाम्रोसामु छ। यसले विभिन्न पुस्ताका नेपाली जनमानसमा भारतप्रति एकप्रकारको संशय र अविश्वास पैदा गरेको छ। भारतका केही अभिजात वर्गका मानिसले यसलाई भारतविरोधी भाष्यका रूपमा व्याख्या गर्ने गरेका छन्। नेपालमा पनि एउटा सानो तप्काले आफ्नो क्षुद्र राजनीतिक स्वार्थका लागि भारतलाई 'क्षेत्रीय प्रभुत्ववादी' का रूपमा चित्रण गर्ने प्रयास गर्छ। त्यसै गरी भारतको एउटा तप्काले नेपालले 'चीन कार्ड' खेल्ने गरेको आरोप पनि लगाउँछ तर यी धारणा समग्र नेपाली र भारतीय जनमतका प्रतिनिधि विचार भने पटक्कै होइनन्। वास्तवमा अधिकांश नेपालीको भारतप्रति मैत्रीपूर्ण र सकारात्मक दृष्टिकोण छ। उनीहरू भारतसँग अझ घनिष्ठ, विश्वासपूर्ण र सहयोगात्मक सम्बन्ध चाहन्छन्। त्यस्तै भारतीय जनसंख्याको ठुलो हिस्सामा पनि नेपालप्रति आत्मीयता र सकारात्मक भावना छ।

त्यसै गरी नेपालका सम्बन्धमा भारतका पनि चासो र संवेदनशीलता छन्, जसलाई नेपालले सम्बोधन गर्नु पर्छ। नेपालले भारतविरुद्ध कुनै पनि प्रकारको रणनीतिक कार्ड खेल्नु हुँदैन र खेलिरहेको छैन भन्ने भारत जस्तो निकट छिमेकी र महत्वपूर्ण विकास साझेदार देशलाई विश्वास दिलाउनु पर्छ। त्यसैले नेपाल र भारतबिचका सबै समस्या तथा विवादलाई एकअर्काको चासो र संवेदनशीलताको सम्मान गर्दै खुला, स्पष्ट र मैत्रीपूर्ण संवादमार्फत समाधान गर्नु पर्छ। समस्यालाई थाती राख्ने प्रवृत्तिले दीर्घकालीन समाधान दिँदैन। कुनै खास विषयमा रहेका मतभिन्नता र विवादका कारण समग्र सम्बन्ध तथा सहकार्यलाई अवरुद्ध पार्ने अवस्था सिर्जना हुन दिनु हुँदैन।

नेपाल र भारतबिच सहकार्यका सम्भावना र क्षेत्र व्यापक छन्। दुवै मुलुकले पारस्परिक हितका सम्भावित क्षेत्रको गम्भीरतापूर्वक पहिचान गरी जनताको साझा हितका लागि संयुक्त प्रयास गर्नु पर्छ। प्रधानमन्त्री वालेन्द्र शाह नेपाली जनताको व्यापक सद्भाव र अपेक्षासाथ भारत भ्रमणमा जाँदै हुनुहुन्छ। प्रधानमन्त्री शाह पनि नेपाल र भारतबिचको सौहार्दपूर्ण सम्बन्ध तथा आपसी सहकार्यलाई थप सुदृढ बनाउँदै नयाँ उचाइमा पुऱ्याउन चाहनुहुन्छ। यसका लागि प्रधानमन्त्रीको भ्रमणले आवश्यक राजनीतिक आधार र अवसर प्रदान गर्ने छ।

नरेन्द्र मोदी भारतको प्रधानमन्त्री बनेपछि 'छिमेकी पहिलो' नीतिलाई प्राथमिकता दिइएको छ। सन् २०१४ मा नेपालको भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री मोदीले नेपाल-भारतबिचको सम्पर्क सञ्जाल विस्तार र पूर्वाधार विकासलाई लक्ष्य गर्दै 'हिट' (राजमार्ग, सूचना मार्ग र प्रसारण मार्ग) को अवधारणा अघि सार्नुभएको थियो। उक्त अवधारणा अझै अपेक्षित रूपमा कार्यान्वयनमा आउन भने सकेको छैन तर अहिले परिस्थिति बदलिएको छ। दुई देशबिच सहकार्य र समझदारीको नयाँ वातावरण विकसित हुँदै गएको छ। प्रधानमन्त्री शाहको भ्रमणले यस सकारात्मक वातावरणलाई थप सुदृढ र गतिशील बनाउने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री शाहको भ्रमण दुई निकटतम छिमेकीबिचको सम्बन्ध र सहकार्यलाई पुनः सन्तुलित गर्दै नयाँ उचाइमा पुऱ्याउने अवसरका रूपमा आएको छ तर यसको सफलता पर्याप्त तयारी, स्पष्ट कार्यसूची र प्रभावकारी गृहकार्यमा निर्भर रहने छ। भ्रमणको प्राथमिक उद्देश्य दुई सरकारबिच विश्वासको वातावरण निर्माण गर्नु तथा एकअर्काका धारणा, चासो र अडानलाई स्पष्ट रूपमा बुझ्ने हुनु पर्छ। लामो समयदेखि थाती रहेका सबै समस्या एउटै भ्रमणबाट समाधान हुन सम्भव छैन। यस भ्रमणले सम्बन्धमा नयाँ दिशा र गति प्रदान गर्दै बाँकी मुद्दालाई प्राथमिकताका आधारमा क्रमिक रूपमा समाधान गर्ने मार्ग प्रशस्त गर्न सक्छ।

विशाल छिमेकी मुलुकबिच अवस्थित सानो भूपरिवेष्टित राष्ट्रका रूपमा नेपालले आफ्नो राष्ट्रिय हित र सार्वभौमिकताप्रति बढी संवेदनशीलता देखाउनु स्वाभाविक हो। ठुला छिमेकीले यस यथार्थलाई बुझ्नु पर्छ। नेपाली जनताको मनमा रहेका आशङ्का र संशय हटाउन भारतले पनि त्यस अनुरूप व्यवहार गर्नु आवश्यक छ। त्यसै गरी नेपालले पनि भारतका संवेदनशीलता र मूलभूत सुरक्षा चासोलाई बुझ्नु पर्छ र नेपालको राष्ट्रिय हितसँग नबाझिने हदसम्म तिनलाई सम्बोधन गर्नु पर्छ। दुई देशबिचको असल छिमेकी सम्बन्ध पारस्परिक हित, विश्वास र संवेदनशीलताको सम्मानमा आधारित हुनु पर्छ।

भारतले 'छिमेकी पहिलो' नीतिमार्फत नेपाल जस्ता छिमेकी मुलुकसँगको सम्बन्धलाई प्राथमिकता दिने घोषणा गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै अपेक्षित स्तरमा हुन सकेको छैन। यसको एउटा कारण भारतको कर्मचारीतन्त्रमा विद्यमान नेहरू-गान्धी युगको परम्परागत मनोविज्ञान र कार्यशैली हुन सक्छ। विशेष गरी नेपाल जस्ता साना छिमेकीसँगको सम्बन्ध सञ्चालन गर्दा मोदी नेतृत्वको भारतले परम्परागत र सङ्कीर्ण मानसिकताबाट बाहिर निस्कनु आवश्यक छ। बदलिँदो क्षेत्रीय तथा विश्व राजनीतिक परिवेशमा छिमेकीसँगको सम्बन्ध पुरानो शक्तिकेन्द्रित दृष्टिकोणबाट नभई समानता, पारस्परिक सम्मान र साझा हितका आधारमा अघि बढाइनु पर्छ।-गोरखापत्र

एक्कासी रक्तचाप कम भएको महसुस भएमा तत्काल के गर्ने ?



रक्तचापको समस्या भन्नेबित्तिकै हामी रक्तचाप बढ्नु भन्ने बुझ्ने गर्छौं। अहिले उच्च रक्तचाप देखिनु आम समस्या बनिरहेको छ। अहिले यस्तो कुनै घर भेट्न मुस्किल छ, जहाँ उच्च रक्तचापको समस्या भएका व्यक्ति नहुन्।

रक्तचापको गडबडीमा उच्च रक्तचाप नै बढी देखिने भए पनि न्यून रक्तचापको समस्या पनि धेरैलाई देखिन्छ। रक्तचाप कम हुँदा पनि यसले निभिन्न समस्या र स्वास्थ्य जोखिम निम्त्याउन सक्छ।

के हो रक्तचाप ?

नेशनल हार्ट, लङ एण्ड ब्लड इन्स्टिच्युटका अनुसार, रक्तचाप भनेको रक्तनलीका भित्ताहरूमा रगतले दिने दबाब हो। रक्तनलीहरू साँघुरो हुनु वा शरीरभरि रगत र अक्सिजन पठाउन मुटुले धेरै मेहनत गर्नुपर्ने अवस्था जस्ता विभिन्न कारणहरूले गर्दा यो दबाब सामान्य अवस्थाभन्दा तल-माथि हुन सक्छ। रक्तनलीहरूले मुटुबाट शरीरका अन्य भागमा रगत पुऱ्याउँछन्। यो प्रक्रियामा कुनै पनि प्रकारको अवरोध आएमा रक्तचापसम्बन्धी समस्या देखापर्छ।

सामान्यतया, १२०/८० एमएमएचजी भन्दा कमको रक्तचापलाई सामान्य मानिन्छ। न्यून रक्तचापलाई 'हाइपोटेन्सन' पनि भनिन्छ। यो भनेको सामान्य दायराभन्दा निकै कम रक्तचाप हुनुलाई बुझाउँछ। यस्तो अवस्थालाई बेवास्ता गर्नु हुँदैन, किनकि लामो समयसम्म रक्तचाप न्यून रहिरहँदा स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ।

रक्तचाप कम हुनुको कारण के हो ?

शरीरका विभिन्न अंगहरू, हर्मोनहरू र स्नायुहरूले रक्तचापलाई नियन्त्रण गरिरहेको हुन्छ। उदाहरणका लागि, 'अटोनोमिक नर्भस सिस्टम' ले 'लड्ने वा भाग्ने' संकेतहरू पठाउँछ। यसले परिस्थिति अनुसार मुटु र शरीरका अन्य प्रणालीहरूलाई रक्तचाप बढाउन वा घटाउन निर्देशन दिन्छ। यदि 'अटोनोमिक नर्भस सिस्टम' मा कुनै समस्या आएमा यसले रक्तचाप कम गराउन सक्छ।

-चोटपटकका कारण धेरै रगत बग्नु

-शरीरमा पानीको कमी)

-मधुमेह

-एरिथमिया जस्ता मुटुसम्बन्धी समस्याहरू

-उच्च रक्तचाप, डिप्रेसन वा पार्किन्सनजस्ता रोगका लागि लिइने औषधिहरू

-गर्भावस

यसबाहेक, वृद्धवृद्धाहरूमा कम रक्तचापका लक्षणहरू देखा पर्ने जोखिम बढी हुन्छ। यसमा लड्नु, बेहोस हुनु वा चक्कर आउनुजस्ता समस्याले पनि रक्तचाप कम हुन्छ।

रक्तचाप कम हुँदा कस्ता लक्षणहरू देखिन्छन् ?

-अलमल वा अन्योल महसुस हुनु

-रिँगटा लाग्नु वा टाउको हलुका भएको महसुस हुनु

-थकान वा कमजोरी महसुस हुनु

-दृष्टि धमिलो हुनु

-टाउको दुख्नु

-घाँटी वा ढाड दुख्नु

-वाकवाकी लाग्नु

-बेहोस हुनु

-मुटुको धड्कन तीव्र हुनु, वा मुटुको धड्कन जोडले धड्केको वा असाध्यै छिटो चलेको महसुस हुनु।

यदि अचानक रक्तचाप घट्यो भने के गर्ने ?

कहिलेकाहीँ, काम गरिरहँदा वा उभिरहँदा व्यक्तिको रक्तचाप अचानक घट्न सक्छ। यस्तो बेला मानिसहरूलाई के गर्ने भन्ने थाहा नहुन सक्छ। तत्काल केही रक्तचाप कम भएको यकीन भएमा तत्काल केही उपायहरू अपनाएर त्यो अवस्थालाई सहज बनाउन सकिन्छ।

-रक्तचाप कम भएको महसुस भयो भने एकछिन केही नगरी बस्नु राम्रो हुन्छ। यसले आराम मिल्छ र रक्तचापलाई सामान्य अवस्थामा फर्काउन मद्दत गर्छ।

-शरीरमा पानीको मात्रा कमीका कारण पनि रक्तचाप कम हुन सक्ने भएकाले, पानी तथा भोल खानेकुरा पिउनुपर्छ।

-धेरै गर्मी भएको अवस्थामा रक्तचाप कम भएको छ भने चिसो ठाउँमा जानुपर्छ। धेरै गर्मी वा गुम्सिएको ठाउँमा रक्तनलीहरू फुलेर प्रेसर कम हुन सक्छ।

-यदि चिकित्सकले रक्तचाप व्यवस्थापन गर्न पहिले नै कुनै औषधि सिफारिस गरेका छन् भने, निर्देशनअनुसार उक्त औषधि सेवन गर्नुपर्छ।

कस्तो अवस्था भएमा तुरुन्तै अस्पताल जाने ?

-बेहोस भएमा

-छाती दुखेमा, सास फेर्न गाह्रो भएमा

-मुटुको धड्कन अनियमित भएमा।

-छाला चिसो र पसिनाले भिजेको भएमा

-ओठ-नङ नीलो/पहेँलो देखिएमा।-अनलाइन खबर

कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/०४ (कालपृष्ठ राष्ट्रिय दैनिक)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझँाउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझँाउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझँाउनु हुन जानकारी गराईन्छ। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं।

तपसिल,

ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण :

शाखा कार्यालय : कोहलपुर, बाँके

१. ऋणीको नाम : लिला घर्ती, पिता/पतिको नाम : राम बहादुर थारु, बाजे/ससुराको नाम : सिताराम थारु, स्थायी ठेगाना : कोहलपुर-२, बाँके, ना.प्र.नं. : ६६-०६-७३-०३८३२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राम बहादुर थारु, पिता/पतिको नाम : सिताराम थारु, स्थायी ठेगाना : रुभेना-४, बाँके, ना.प्र.नं. : ६६१०१४/१९८३

२. ऋणीको नाम : वुलवुल कुमारी सदाशंकर, पिता/पतिको नाम : दुर्गाराम नेपाली खनाल, बाजे/ससुराको नाम : करसिंह खनाल, स्थायी ठेगाना : नारायणपुर-८, कैलाली, ना.प्र.नं. : ६७२०४२/५६५३७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : आयुष खनाल, पिता/पतिको नाम : दुर्गाराम नेपाली खनाल, बाजे/ससुराको नाम : करसिंह खनाल, स्थायी ठेगाना : टिकापुर-७, कैलाली, ना.प्र.नं. : ६७-०२-८२-०१३३३
२.धनजमानीको नाम : डल्ली विश्वकर्मा, पिता/पतिको नाम : गोरे विश्वकर्मा सदाशंकर, स्थायी ठेगाना : धनसिंपुर-३, कैलाली, ना.प्र.नं. : २६२७३०७६

३. ऋणीको नाम : अस्मिता घर्ति (साउद), पिता/पतिको नाम : पदम वहादुर साउद, बाजे/ससुराको नाम : खडके साउद, स्थायी ठेगाना : तुर्माखाँद-३, अछाम, ना.प्र.नं. : ६९-०३-७२/३२६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पदम बहादुर साउद, पिता/पतिको नाम : खडके साउद, स्थायी ठेगाना : तुर्माखाद-३, अछाम, ना.प्र.नं. : ६९१०७१/५३२९

४. ऋणीको नाम : सपना वि.क., पिता/पतिको नाम : जोगेन्द्र वि.क, बाजे/ससुराको नाम : हेमलाल वि.क., स्थायी ठेगाना : कोहलपुर-३, बाँके, ना.प्र.नं. : ६६१०१३-२९६३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : पार्वती भुजेल, पिता/पतिको नाम : अर्जुन कुमार भुजेल, स्थायी ठेगाना : नारायणपुर-८, कैलाली, ना.प्र.नं. : ६७३०४२/८३

५. ऋणीको नाम : महेश्वरी खनाल, पिता/पतिको नाम : कर्ण बहादुर खत्री, बाजे/ससुराको नाम : पुर्ण व.खत्री, स्थायी ठेगाना : नेउलापुर-९, बर्दिया, ना.प्र.नं. : ६५३०१८/७८८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : डल्ली विश्वकर्मा, पिता/पतिको नाम : गोरे विश्वकर्मा सदाशंकर, स्थायी ठेगाना : धनसिंपुर-३, कैलाली, ना.प्र.नं. : २६२७३०७६

६. ऋणीको नाम : नैना सुनार, पिता/पतिको नाम : सन्तोष सिंह, बाजे/ससुराको नाम : जय बहादुर सिंह, स्थायी ठेगाना : साइगाउँ-१, बाँके, ना.प्र.नं. : ६६-०१-७१-०७२४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : बसन्ती तामाङ्ग, पिता/पतिको नाम : सोम बहादुर तामाङ्ग, स्थायी ठेगाना : त्रियुगा-९, उदयपुर, ना.प्र.नं. : १४-०१-७१-०२८०९

शाखा कार्यालय : मैनापोखर, बर्दिया

७. ऋणीको नाम : आस्तिका पुन, पिता/पतिको नाम : रोमन राना मगर, बाजे/ससुराको नाम : रेशम राना मगर, स्थायी ठेगाना : कम्दी-६, बाँके, ना.प्र.नं. : ६६-०१-७३-००७१६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रोमन राना मगर, पिता/पतिको नाम : रेशम राना मगर, बाजे/ससुराको नाम : हस्त बहादुर राना मगर, स्थायी ठेगाना : जमुनी-५, बर्दिया, ना.प्र.नं. : ६५-०१-७२-०२१७४
२.धनजमानीको नाम : हस्त बहादुर मगर, पिता/पतिको नाम : लाल बहादर, स्थायी ठेगाना : जमुनी-२, बर्दिया, ना.प्र.नं. : १९९५२

८. ऋणीको नाम : देवी नेपाली, पिता/पतिको नाम : सुक बहादुर परियार, बाजे/ससुराको नाम : दुर्गा दमाई, स्थायी ठेगाना : कालिका-६, बर्दिया, ना.प्र.नं. : ६५१००९-२७१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : शिल्पा परियार, पिता/पतिको नाम : सन्तोष परियार, स्थायी ठेगाना : बाँसगढी-६, बर्दिया, ना.प्र.नं. : ६५-०६-८०-००२७३
२.धनजमानीको नाम : राम बहादुर दर्जी, पिता/पतिको नाम : लाल बहादुर दर्जी, स्थायी ठेगाना : सोरहवा-२, बर्दिया, ना.प्र.नं. : २६०५५

९. ऋणीको नाम : चन्द्रावति थारु, पिता/पतिको नाम : महराजु थारु, बाजे/ससुराको नाम : हरिराम थारु, स्थायी ठेगाना : महमदपुर-८, बर्दिया, ना.प्र.नं. : ३७८३८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : महराजु थारु, पिता/पतिको नाम : हरि राम थारु, बाजे/ससुराको नाम : बैजनाथ थारु, स्थायी ठेगाना : महमदपुर-८, बर्दिया, ना.प्र.नं. : ६६७१
२.धनजमानीको नाम : बाँधु राम थारु, पिता/पतिको नाम : बैज नाथ थारु, बाजे/ससुराको नाम : दुरजन थारु, स्थायी ठेगाना : मोहम्मदपुर-८, बर्दिया, ना.प्र.नं. : ४६१-५९५

१०. ऋणीको नाम : सुस्मिता विष्ट, पिता/पतिको नाम : बल वहादुर विष्ट, बाजे/ससुराको नाम : बिजय सिं विष्ट, स्थायी ठेगाना : चिपुर-८, डडेल्धुरा, ना.प्र.नं. : ७४-०१-७३-०१२३३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रिति बिष्ट, पिता/पतिको नाम : बल बहादुर बिष्ट, बाजे/ससुराको नाम : बिजय सिं बिष्ट, स्थायी ठेगाना : बढैयाताल-२, बर्दिया, ना.प्र.नं. : ६५-०१-७८-००३९७

११. ऋणीको नाम : गंगा देवि सुनार, पिता/पतिको नाम : राजु सुनार, बाजे/ससुराको नाम : पदमे सुनार, स्थायी ठेगाना : कालिका-२, बर्दिया, ना.प्र.नं. : ६५१००९/१०११, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कुल बहादुर सुनार, पिता/पतिको नाम : राजु सुनार, बाजे/ससुराको नाम : पदमे सुनार, स्थायी ठेगाना : कालिका-२, बर्दिया, ना.प्र.नं. : ६५-०१-७३-०३८३७

१२. ऋणीको नाम : कौसिला कामी, पिता/पतिको नाम : लोक बहादुर कामी, बाजे/ससुराको नाम : महाविर कामी, स्थायी ठेगाना : बढैयाताल-८, बर्दिया, ना.प्र.नं. : १४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कृष्ण वहादुर वि.क., पिता/पतिको नाम : लोक वहादुर वि.क., बाजे/ससुराको नाम : महाविर कामी, स्थायी ठेगाना : कालिका-८, बर्दिया, ना.प्र.नं. : ६५३००९-१०२
२.धनजमानीको नाम : अर्जुन वाग्ले, पिता/पतिको नाम : चन्द्र बहादुर वाग्ले क्षेत्री, स्थायी ठेगाना : कालिका-२, बर्दिया, ना.प्र.नं. : ६५१००९/७५७

१३. ऋणीको नाम : भुनगी बाहुनी, पिता/पतिको नाम : राम नारायण मिश्र वाहुन, बाजे/ससुराको नाम : राधेश्याम वाहुन, स्थायी ठेगाना : उदरापुर-७, बाँके, ना.प्र.नं. : ६(८४००), कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : संगिता मिश्र, पिता/पतिको नाम : राम नारायण मिश्र, स्थायी ठेगाना : सोरहवा-७, बर्दिया, ना.प्र.नं. : ६५-०१-७०-०००३१
२.धनजमानीको नाम : राम नारायण मिश्र (वाहुन), पिता/पतिको नाम : राधेश्याम वाहुन, स्थायी ठेगाना : सोरहवा-७, बर्दिया, ना.प्र.नं. : १/४२४१

१४. ऋणीको नाम : कृष्ण वहादुर वि.क., पिता/पतिको नाम : लोक वहादुर वि.क., बाजे/ससुराको नाम : महाविर कामी, स्थायी ठेगाना : कालिका-८, बर्दिया, ना.प्र.नं. : ६५३००९-१०२, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : ऋतु ताम्राकार, पिता/पतिको नाम : कृष्ण बहादुर वि.क., बाजे/ससुराको नाम : लोक बहादुर वि.क., स्थायी ठेगाना : बानियाभार-५, बर्दिया, ना.प्र.नं. : ६५१००६/५२४
२.धनजमानीको नाम : मुना वि.क., पिता/पतिको नाम : लोक बहादुर वि.क, बाजे/ससुराको नाम : महाविर कामी, स्थायी ठेगाना : कालिका-८, बर्दिया, ना.प्र.नं. : ६५३००९-१०३
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : लोक वहादुर कामी, जग्गाको ठेगाना : कालिका-८, बर्दिया, कित्ता नं. : १२२४, क्षेत्रफल : ९६५.०१ व.मी.

१५. ऋणीको नाम : विस्नु माया पौडेल, पिता/पतिको नाम : गिरी प्रसाद पौडेल, बाजे/ससुराको नाम : टीकाराम, स्थायी ठेगाना : जमुनी-१, बर्दिया, ना.प्र.नं. : १२५८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रोसनी पौडेल, पिता/पतिको नाम : गिरी प्रसाद पौडेल, बाजे/ससुराको नाम : टिकाराम, स्थायी ठेगाना : बढैयाताल-२, बर्दिया, ना.प्र.नं. : ६५-०१-७६-०७०७४

१६. ऋणीको नाम : राम कुमारी थारु, पिता/पतिको नाम : बद्धिराम थारु, बाजे/ससुराको नाम : कल्लु थारु, स्थायी ठेगाना : कालिका-३, बर्दिया, ना.प्र.नं. : ६५-०१-७०-०२२०३, कर्जाको शीर्षक : साधारण

१७. ऋणीको नाम : शिरमा थारु, पिता/पतिको नाम : मंगल राम थारु, बाजे/ससुराको नाम : रोगोह थारु, स्थायी ठेगाना : ठाकुरद्धारा-८, बर्दिया, ना.प्र.नं. : ६५१०२०-४६६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मंगलराम थारु, पिता/पतिको नाम : रोगोह थारु, स्थायी ठेगाना : ठाकुरद्धारा-८, बर्दिया, ना.प्र.नं. : २२१४३

१८. ऋणीको नाम : वेल कुमारी परियार, पिता/पतिको नाम : हरि सिह दमै, बाजे/ससुराको नाम : देवी रानो दमाई, स्थायी ठेगाना : कालिका-८, बर्दिया, ना.प्र.नं. : ६५३००९/५८५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लक्ष्मी परियार, पिता/पतिको नाम : राजु परीयार, बाजे/ससुराको नाम : बलराम दमाई, स्थायी ठेगाना : कालिका-८, बर्दिया, ना.प्र.नं. : ६५-०१-७३-०३९४३

१९. ऋणीको नाम : सिता कार्कि, पिता/पतिको नाम : मन बहादुर कार्की, बाजे/ससुराको नाम : खडग बहादुर कार्की, स्थायी ठेगाना : जमुनी-१, बर्दिया, ना.प्र.नं. : ६५३०११/१४७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राधा बराल, पिता/पतिको नाम : नेत्र प्रसाद बराल, स्थायी ठेगाना : सेतीदोभान-८, स्याङजा, ना.प्र.नं. : ९८००२

शाखा कार्यालय : बर्दघाट, नवलपरासी

२०. ऋणीको नाम : कौशिला अर्याल, पिता/पतिको नाम : हेम प्रसाद अर्याल, बाजे/ससुराको नाम : गिर्धारी अर्याल, स्थायी ठेगाना : दुम्कीवास-१, न.प., ना.प्र.नं. : ई-४७३६१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुवास अर्याल, पिता/पतिको नाम : हेम प्रसाद अर्याल, बाजे/ससुराको नाम : गिर्धारी अर्याल, स्थायी ठेगाना : विनयीत्रिवेणी-१, नवलपरासी, ना.प्र.नं. : ७७-०१-७७-००४८४

२१. ऋणीको नाम : नरमाया राना, पिता/पतिको नाम : देव बहादुर राना, बाजे/ससुराको नाम : बिष्णु बहादुर राना, स्थायी ठेगाना : ज्यामिरे-४, पाल्पा, ना.प्र.नं. : ३९३०२२/१८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : देव बहादुर राना, पिता/पतिको नाम : बिष्णु बहादुर राना, स्थायी ठेगाना : ज्यामिरे-४, पाल्पा, ना.प्र.नं. : ३९१०२२/४०४

२२. ऋणीको नाम : आशा थापा, पिता/पतिको नाम : कृष्ण बहादुर थापा, बाजे/ससुराको नाम : खड्क बहादुर थापा, स्थायी ठेगाना : चिन्नेबास-२, स्याङ्जा, ना.प्र.नं. : ५६५८६ (नवलपरासी), कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रदिप थापा, पिता/पतिको नाम : कृष्ण बहादुर थापा, बाजे/ससुराको नाम : खड्क बहादुर थापा, स्थायी ठेगाना : बिरुवा-६, स्याङजा, ना.प्र.नं. : ४२-०२-७४-०००२२

शाखा कार्यालय : हापुरे, दाङ

२३. ऋणीको नाम : सिता कामी, पिता/पतिको नाम : सन्तोष कामी, बाजे/ससुराको नाम : गोपी लाल कामी, स्थायी ठेगाना : बाघमारे-१, दाङ, ना.प्र.नं. : ५२३०३९/९८५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सन्तोष कामी, पिता/पतिको नाम : गोपी लाल कामी, स्थायी ठेगाना : बाघमारे-१ दाङ, ना.प्र.नं. : ५२३०३९/५४९
२.धनजमानीको नाम : दिलिप वि.क., पिता/पतिको नाम : सन्तोष कामी, बाजे/ससुराको नाम : गोपी लाल कामी, स्थायी ठेगाना : शान्तिनगर-१, दाङ, ना.प्र.नं. : ५२-०२-७५-०५५५०

२४. ऋणीको नाम : पवित्रा सुनार, पिता/पतिको नाम : सुन्दर कुमार घसियारा, बाजे/ससुराको नाम : दुलारे घसियार, स्थायी ठेगाना : पवननगर-२, दाङ, ना.प्र.नं. : ५२२०३५/२४६२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सुमित्रा नेपाली, पिता/पतिको नाम : बाग वीर नेपाली, स्थायी ठेगाना : पवननगर-३, दाङ, ना.प्र.नं. : ५२२०३५/१२५९

२५. ऋणीको नाम : सुनिता वली, पिता/पतिको नाम : कोमल वली, बाजे/ससुराको नाम : मान वहादुर वली, स्थायी ठेगाना : हलवार-१, दाङ, ना.प्र.नं. : ५२२०२८/२१४५, कर्जाको शीर्षक : साधारण

२६. ऋणीको नाम : कुशुम कामी, पिता/पतिको नाम : सनु कामी, बाजे/ससुराको नाम : कमारो कामी, स्थायी ठेगाना : फोप्ली-२, प्युठान, ना.प्र.नं. : ५३१००८/१३५८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सनु कामी, पिता/पतिको नाम : कमारो कामी, स्थायी ठेगाना : फोप्ली-२, प्युठान, ना.प्र.नं. : ५३१००८/१६२२

शाखा कार्यालय : चन्द्रौटा, कपिलवस्तु

२७. ऋणीको नाम : रेखा रावत, पिता/पतिको नाम : केशव रावत, बाजे/ससुराको नाम : भिम बहादुर रावत, स्थायी ठेगाना : सिद्धारा-८, अर्घाखाँची, ना.प्र.नं. : ४०-०१-७३-०२७९३, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : केशव रावत, पिता/पतिको नाम : भिम बहादुर रावत, स्थायी.ठेगाना : सिद्धारा-८, अर्घाखाँची, ना.प्र.नं. : २१७३-४०१०३८

२८. ऋणीको नाम : सजिवुन निसा पठानिन, पिता/पतिको नाम : अकवाल पठान, बाजे/ससुराको नाम : अदालत पठान, स्थायी ठेगाना : यसोधरा-८, कपिलवस्तु, ना.प्र.नं. : ३५५१७ कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : अकवाल पठान, पिता/पतिको नाम : अदालत पठान, स्थायी ठेगाना : शिवराज-४, कपिलवस्तु, ना.प्र.नं. : ३८३०६०-१९१

२९. ऋणीको नाम : लक्ष्मी कुमारी खाती, पिता/पतिको नाम : किसोर कुमार खाती, बाजे/ससुराको नाम : कृष्ण वहादुर खाती, स्थायी ठेगाना : चनई-८, क.व., ना.प्र.नं. : २५२५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : पवित्रा नेपाली, पिता/पतिको नाम : जित वहादुर नेपाली, स्थायी ठेगाना : सन्धीखर्क-९, अर्घाखाँची, ना.प्र.नं. : ४०१०१७-१७७१

३०. ऋणीको नाम : रमा सुनार, पिता/पतिको नाम : श्याम बहादुर सुनार, बाजे/ससुराको नाम : खुम बहादुर सुनार, स्थायी ठेगाना : मालारानी-७, अर्घाखाँची, ना.प्र.नं. : ४०-०१-७६-०४०४१, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : अस्मिता वि.क., पिता/पतिको नाम : कमल वहादुर वि.क., स्थायी ठेगाना : हंसपुर-७, अर्घाखाँची, ना.प्र.नं. : ४०-०१-७२-०२७६०

३१. ऋणीको नाम : कुसुम पुन मगर, पिता/पतिको नाम : सुनिल वि.क., बाजे/ससुराको नाम : हाकिम कामी, स्थायी ठेगाना : शिवराज-१, कपिलवस्तु, ना.प्र.नं. : ३८-०२-७९-०२१७६, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : सुनिल वि.क., पिता/पतिको नाम : हाकिम कामी, स्थायी ठेगाना : शिवराज-९, कपिलवस्तु, ना.प्र.नं. : ३८२०८०/३१७०२

शाखा कार्यालय : सिसहनिया, दाङ

३२. ऋणीको नाम : सिर्जना राना मगर, पिता/पतिको नाम : भुपेन्द्र दर्लामी मगर, बाजे/ससुराको नाम : खोम वहादुर दर्लामी, स्थायी ठेगाना : राप्ती-१, दाङ, ना.प्र.नं. : ५२-०६-७४-०४२२९, कर्जाको शीर्षक : साधारण

३३. ऋणीको नाम : नरेश कुमार चौधरी, पिता/पतिको नाम : इन्द्र प्रसाद चौधरी, बाजे/ससुराको नाम : लाल वहादुर चौधरी, स्थायी ठेगाना : सिसहनिया-२, दाङ, ना.प्र.नं. : ५२१०५२८/४१६, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : मदन माया चौधरी, पिता/पतिको नाम : नरेश कुमार चौधरी, बाजे/ससुराको नाम : इन्द्र प्रसाद चौधरी, स्थायी ठेगाना : सिसहनिया-२, दाङ, ना.प्र.नं. : ६६३३/१५४
२.धनजमानीको नाम : रूपेन्द्र कुमार चौधरी, पिता/पतिको नाम : नरेश कुमार चौधरी, बाजे/ससुराको नाम : इन्द्र प्रसाद चौधरी, स्थायी ठेगाना : सिसहनिया-२, दाङ, ना.प्र.नं. : ५२२००८/२९७५
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : गोमा कुमारी चौधरी, जग्गाको ठेगाना : गढवा-९, दाङ, कित्ता नं. : ९९२, १००४, ११०८, १०२४, ११७, क्षेत्रफल : ०-०-१४-०, ०-०-१८-०, ०-०-१४-०, ०-०-१४.५-०, ०-२-१६-०, (२३७.०१, ३०४.७२, २३७.०१, २४५.५१, ९४८.०३ व.मी.)

शाखा कार्यालय : तुल्सीपुर, दाङ

३४. ऋणीको नाम : भिमा पुन घर्ति, पिता/पतिको नाम : लक्ष्मण घर्ति, बाजे/ससुराको नाम : भिम बहादुर घर्ती, स्थायी ठेगाना : मुरु-९, रुकुम, ना.प्र.नं. : ६१७(०२४)/२१७८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कामना पुन मगर, पिता/पतिको नाम : झक्कु पुन, स्थायी ठेगाना : त्रिवेणी-७, रुकुम(पश्चिम भाग), ना.प्र.नं. : ५६-०१-६९-०११७८

३५. ऋणीको नाम : प्रभा आचार्य, पिता/पतिको नाम : भरतराज आचार्य, बाजे/ससुराको नाम : बुद्धिराज उपाध्याय, स्थायी ठेगाना : उरहरी-८, दाङ, ना.प्र.नं. : ७५/२६४०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : भरतराज आचार्य, पिता/पतिको नाम : बुद्धिराज उपाध्याय, बाजे/ससुराको नाम : हेमलाल उपाध्याय, स्थायी ठेगाना : उरहरी-८, दाङ, ना.प्र.नं. : ४२१/१८७

शाखा कार्यालय : घोराही, दाङ

३६. ऋणीको नाम : मालति चौधरी, पिता/पतिको नाम : उमेश चौधरी, बाजे/ससुराको नाम : मोतिलाल चौधरी, स्थायी ठेगाना : रामपुर-३, दाङ, ना.प्र.नं. : ५२-०१-७२-०४१८७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : शान्ती चौधरी, पिता/पतिको नाम : चन्द्रलाल चौधरी, स्थायी ठेगाना : मानपुर-८, दाङ, ना.प्र.नं. : ५२२०२६/४१६८
२.धनजमानीको नाम : वसन्ती चौधरी, पिता/पतिको नाम : मोतिलाल चौधरी, स्थायी ठेगाना : रामपुर-३, दाङ, ना.प्र.नं. : ५२३०१७/१११

३७. ऋणीको नाम : प्रतिमा पौडेल, पिता/पतिको नाम : रबिन भुसाल, बाजे/ससुराको नाम : श्रीधर भुसाल, स्थायी ठेगाना : लक्ष्मीपुर-९, दाङ, ना.प्र.नं. : ५२३०१८/११८, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : रबिन भुसाल, पिता/पतिको नाम : श्रीधर भुसाल, स्थायी ठेगाना : रामपुर-६, दाङ, ना.प्र.नं. : १९०७/१८०२
२.धनजमानीको नाम : कमला पौडेल, पिता/पतिको नाम : टिकाराम पौडेल, स्थायी ठेगाना : घोराही-४, दाङ, ना.प्र.नं. : ५२-०१-७४-०७२४९

३८. ऋणीको नाम : कल्पना चौधरी, पिता/पतिको नाम : धरम वहादुर चौधरी, बाजे/ससुराको नाम : माघु चौधरी, स्थायी ठेगाना : डुरुवा-९, दाङ, ना.प्र.नं. : ५२३०२७/८२७, कर्जाको शीर्षक : साधारण

३९. ऋणीको नाम : मन कुमारी के.सी., पिता/पतिको नाम : जगत बहादुर पुन मगर, बाजे/ससुराको नाम : तुल बहादुर पुन मगर, स्थायी ठेगाना : लिवाङ-६, रोल्पा, ना.प्र.नं. : ३०५६६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अमृता बोहरा, पिता/पतिको नाम : चोप बहादुर बोहरा, स्थायी ठेगाना : डुरुवा-१, दाङ, ना.प्र.नं. : ५२-०१-७२-०४९६१

४०. ऋणीको नाम : इन्दिरा खत्री क्षेत्री, पिता/पतिको नाम : तुला वहादुर खत्री क्षेत्री, बाजे/ससुराको नाम : लुम वहादुर खत्री क्षेत्री, स्थायी ठेगाना : लुहारपानी-४, दाङ, ना.प्र.नं. : ८३४/५५३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुस्मिता खत्री, पिता/पतिको नाम : थमन सिंह खत्री, बाजे/ससुराको नाम : लुम वहादुर खत्री, स्थायी ठेगाना : घोराही-१५, दाङ, ना.प्र.नं. : ५२-०१-७७-०४५३१
२.धनजमानीको नाम : थमन सिंह खत्री, पिता/पतिको नाम : लुम वहादुर खत्री क्षेत्री, स्थायी ठेगाना : लोहारपानी-४, दाङ, ना.प्र.नं. : ६४७/९४५

४१. ऋणीको नाम : अनिता डि.सी., पिता/पतिको नाम : गोविन्द डि.सी., बाजे/ससुराको नाम : इन्द्र वहादुर डाँगी, स्थायी ठेगाना : नारायपुर-६, दाङ, ना.प्र.नं. : ५२-०१-६९-०३६६३, कर्जाको शीर्षक : साधारण

४२. ऋणीको नाम : सिमा थापा मगर, पिता/पतिको नाम : कृष्ण थापा मगर, बाजे/ससुराको नाम : भिम बहादुर थापा, स्थायी ठेगाना : घोराही-६, दाङ, ना.प्र.नं. : ५२-०१-०६८-००५८३, कर्जाको शीर्षक : साधारण

४३. ऋणीको नाम : सितापति चौधरी, पिता/पतिको नाम : फलोर चौधरी, बाजे/ससुराको नाम : भानुराम चौधरी, स्थायी ठेगाना : घोराही-११, दाङ, ना.प्र.नं. : ५२१०२०/५८१६, कर्जाको शीर्षक : साधारण

४४. ऋणीको नाम : श्रृजना कुमारी चौधरी, पिता/पतिको नाम : बद्रि प्रसाद चौधरी, बाजे/ससुराको नाम : छोटेलाल चौधरी, स्थायी ठेगाना : चौलाही-३, दाङ, ना.प्र.नं. : ५२३०१०/१७८, कर्जाको शीर्षक : साधारण

४५. ऋणीको नाम : विमली चौधरी, पिता/पतिको नाम : राजेन्द्र प्र.चौधरी, बाजे/ससुराको नाम : चमारी थारु, स्थायी ठेगाना : रामग्राम-१०, न.प., ना.प्र.नं. : ३६१०६९/५२३, कर्जाको शीर्षक : साधारण

४६. ऋणीको नाम : सोनु चौधरी, पिता/पतिको नाम : विनोद चौधरी, बाजे/ससुराको नाम : कालापारे चौधरी, स्थायी ठेगाना : नारायणपुर-४, दाङ, ना.प्र.नं. : ५२१०२२/१२२२, कर्जाको शीर्षक : साधारण

४७. ऋणीको नाम : लक्ष्मी गुरुङ, पिता/पतिको नाम : राजु गुरुङ, बाजे/ससुराको नाम : भक्त बहादुर गुरुङ, स्थायी ठेगाना : नारायणपुर-१, दाङ, ना.प्र.नं. : ५२-०१-७१-०२७७९, कर्जाको शीर्षक : साधारण

४८. ऋणीको नाम : छुनु देवी प्रसाई, पिता/पतिको नाम : दिनेश चन्द्र डि.सी., बाजे/ससुराको नाम : नेव वहादुर डि.सी., स्थायी ठेगाना : विर्तामोड-७, झापा, ना.प्र.नं. : १२३४ ताप्लेजुङ, कर्जाको शीर्षक : साधारण

४९. ऋणीको नाम : अशोका कुमारी भण्डारी, पिता/पतिको नाम : भिम बहादुर मल्ल, बाजे/ससुराको नाम : तिल बहादुर मल्ल, स्थायी ठेगाना : त्रिभुवन-८, दाङ, ना.प्र.नं. : २६९०/१०४२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : विश्व पुन, पिता/पतिको नाम : नन्द अदार पुन, बाजे/ससुराको नाम : मेग बहादुर पुन, स्थायी ठेगाना : घोराही-१४, दाङ, ना.प्र.नं. : ५२-०१-७४-०२३७४

५०. ऋणीको नाम : ललिता घर्ति मगर, पिता/पतिको नाम : पवन घर्ति मगर, बाजे/ससुराको नाम : खिम बहादुर घर्ति मगर, स्थायी ठेगाना : घोराही-१७, दाङ, ना.प्र.नं. : ५२-०१-७७-०३८०८, कर्जाको शीर्षक : साधारण

५१. ऋणीको नाम : मन्जु चौधरी, पिता/पतिको नाम : लबसिङ चौधरी, बाजे/ससुराको नाम : देवराज थारु, स्थायी ठेगाना : नारायणपुर-५, दाङ, ना.प्र.नं. : ५२१०२२/६८६, कर्जाको शीर्षक : साधारण

शाखा कार्यालय : गढवा, दाङ

५२. ऋणीको नाम : सावरुन निशा, पिता/पतिको नाम : खलिल अहमद मनिहार, बाजे/ससुराको नाम : सकिल अहमद, स्थायी.ठेगाना : गढवा-६, दाङ, ना.प्र.नं. : ५२-०६-७६-००१५५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : खलिल अहमद मनिहार, पिता/पतिको नाम : सकिल अहमद, स्थायी ठेगाना : गढवा-२, दाङ, ना.प्र.नं. : ५२३००३/४२

५३. ऋणीको नाम : संगिता गिरी के.सी., पिता/पतिको नाम : सनम के.सी., बाजे/ससुराको नाम : महेन्द्र के.सी., स्थायी ठेगाना : गढवा-३, दाङ, ना.प्र.नं. : ५२२००३/१७८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : लक्ष्मण शाह, पिता/पतिको नाम : अमर वहादुर शाह, स्थायी ठेगाना : गढवा-५, दाङ, ना.प्र.नं. : १४२४/१०९२

५४. ऋणीको नाम : तारा कुमारी कुंवर, पिता/पतिको नाम : तुले कुंवर, बाजे/ससुराको नाम : चुरामनी कुवर, स्थायी ठेगाना : गोवरडिहा-२, दाङ, ना.प्र.नं. : ५२२००१/३०७१, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : तुले कुवर, पिता/पतिको नाम : चुरामनी कुवर, स्थायी ठेगाना : जलुके-६, अर्घाखाँची, ना.प्र.नं. : ४०३०३९/१०६४
२.धनजमानीको नाम : कमल गिरी, पिता/पतिको नाम : भुवन गिरी, स्थायी ठेगाना : हासीपुर-२, दाङ, ना.प्र.नं. : ५२१०१२/६०७

५५. ऋणीको नाम : गोमा कुवर, पिता/पतिको नाम : नमराज कुवर, बाजे/ससुराको नाम : तुले कुवर, स्थायी ठेगाना : गढवा-१, दाङ, ना.प्र.नं. : ५२-०६-७७-०३२५९, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : तुले कुवर, पिता/पतिको नाम : चुरामनी कुवर, स्थायी ठेगाना : जलुके-६, अर्घाखाँची, ना.प्र.नं. : ४०३०३९/१०६४
२.धनजमानीको नाम : कमल गिरी, पिता/पतिको नाम : भुवन गिरी, स्थायी ठेगाना : हासीपुर-२, दाङ, ना.प्र.नं. : ५२१०१२/६०७

५६. ऋणीको नाम : शरिमा कुमारी चौधरी, पिता/पतिको नाम : लक्ष्मी प्रसाद चौधरी, बाजे/ससुराको नाम : राम नाथ चौधरी, स्थायी ठेगाना : गंगापरस्पुर-३, दाङ, ना.प्र.नं. : ५२२००२/२३५०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रामरती चौधरी, पिता/पतिको नाम : रामनाथ चौधरी, स्थायी ठेगाना : गंगापरस्पुर-३, दाङ, ना.प्र.नं. : ५२२००२/२८०१

५७. ऋणीको नाम : सिला सुवेदी, पिता/पतिको नाम : इश्वरी लाल सुवेदी, बाजे/ससुराको नाम : पुर्ण प्रसाद सुवेदी, स्थायी ठेगाना : चैलाही-२, दाङ, ना.प्र.नं. : ५२२०१०/४७५१, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : ईश्वरी लाल सुवेदी, पिता/पतिको नाम : पुर्ण प्रसाद सुवेदी, स्थायी ठेगाना : धारापानी-६, स्याङ्जा, ना.प्र.नं. : १३०

५८. ऋणीको नाम : जानकी परियार, पिता/पतिको नाम : सुनिल परियार, बाजे/ससुराको नाम : मिठु वहादुर दमाई, स्थायी ठेगाना : गढवा-४, दाङ, ना.प्र.नं. : ५२-०६-७७-०१५३७, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : देवा परियार, पिता/पतिको नाम : मिठु वहादुर दमाई, स्थायी ठेगाना : गंगापरस्पुर-५, दाङ, ना.प्र.नं. : ५२२००२/२७८८

५९. ऋणीको नाम : सेहेनाज निसा नाउँ, पिता/पतिको नाम : मनौवर नाउँ, बाजे/ससुराको नाम : सुन्दर नाँउ, स्थायी ठेगाना : गढवा-४, दाङ, ना.प्र.नं. : ५२-०६-७६-००८२२, कर्जाको शीर्षक : साधारण/आकस्मिक
धनजमानीको नाम : मनौवर नाउँ, पिता/पतिको नाम : सुन्दर नाउँ, स्थायी ठेगाना : गंगापरस्पुर-१, दाङ, ना.प्र.नं. : ५२२००२/८१२

६०. ऋणीको नाम : शारदा सुनार, पिता/पतिको नाम : कृष्ण बहादुर सुनार, बाजे/ससुराको नाम : भक्त बहादुर सुनार, स्थायी ठेगाना : गढवा-६, दाङ, ना.प्र.नं. : ५२-०६-७८-०५०८०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : कृष्ण बहादुर सुनार, पिता/पतिको नाम : भक्त बहादुर सुनार, स्थायी ठेगाना : गढवा-५, दाङ, ना.प्र.नं. : १९०८

६१. ऋणीको नाम : पार्वती गुप्ता, पिता/पतिको नाम : राम गोविन्द गुप्ता, बाजे/ससुराको नाम : वजरंगी लाल गुप्ता, स्थायी ठेगाना : बेला-४, दाङ, ना.प्र.नं. : ११२०, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : दिपक गुप्ता, पिता/पतिको नाम : राम गोविन्द गुप्ता, बाजे/ससुराको नाम : वजरंगी लाल गुप्ता, स्थायी ठेगाना : गढवा-४, दाङ, ना.प्र.नं. : ५२-०६-७९-००८३७

६२. ऋणीको नाम : निमा खत्री, पिता/पतिको नाम : अम्मर बहादुर खत्री, बाजे/ससुराको नाम : लोक बहादुर खत्री, स्थायी ठेगाना : बेला-८, दाङ, ना.प्र.नं. : ११०८६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : अम्मर बहादुर खत्री, पिता/पतिको नाम : लोक बहादुर खत्री, स्थायी ठेगाना : बेला-८, दाङ, ना.प्र.नं. : १३२०
२.धनजमानीको नाम : लक्ष्मी कुमारी खत्री, पिता/पतिको नाम : अम्मर बहादुर खत्री, बाजे/ससुराको नाम : लोक बहादुर खत्री, स्थायी ठेगाना : लमही-६, दाङ, ना.प्र.नं. : ५२-०६-७९-०५०१७

६३. ऋणीको नाम : मधि थारु, पिता/पतिको नाम : जोगी थारु, बाजे/ससुराको नाम : बासु थारु, स्थायी ठेगाना : चैलाही-२, दाङ, ना.प्र.नं. : ५२२०१०/११६६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : बन्धना थारु, पिता/पतिको नाम : जोगी थारु, स्थायी ठेगाना : लमही-४, दाङ, ना.प्र.नं. : ५२-०६-७९-००२८५

६४. ऋणीको नाम : देवा नेपाली, पिता/पतिको नाम : कमल नेपाली, बाजे/ससुराको नाम : बिर बहादुर नेपाली दमाई, स्थायी.ठेगाना : गढवा-५, दाङ, ना.प्र.नं. : १२५९०/१५४७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : कमल नेपाली, पिता/पतिको नाम : बिर बहादुर नेपाली दमाई, स्थायी ठेगाना : गढवा-५, दाङ, ना.प्र.नं. : ६८६
२.धनजमानीको नाम : जेनिसा परियार, पिता/पतिको नाम : सन्तोष नेपाली, स्थायी ठेगाना : गढवा-६, दाङ, ना.प्र.नं. : ५२-०६-७९-०५२०२

६५. ऋणीको नाम : शिव प्रसाद यादव, पिता/पतिको नाम : हरि राम यादव, बाजे/ससुराको नाम : बुधराम यादव, स्थायी ठेगाना : गढवा-२, दाङ, ना.प्र.नं. : २३४२/१४१८, कर्जाको शीर्षक : व्यक्तिगत
१.धनजमानीको नाम : गुरु प्रसाद यादव, पिता/पतिको नाम : हरिराम यादव, बाजे/ससुराको नाम : बुधराम यादव, स्थायी ठेगाना : गढवा-२, दाङ, ना.प्र.नं. : ५२६०/१४०७
२.धनजमानीको नाम : महिन्का यादव, पिता/पतिको नाम : गुरु प्रसाद यादव अहिर, बाजे/ससुराको नाम : हरिराम यादव, स्थायी ठेगाना : गढवा-२, दाङ, ना.प्र.नं. : ५२३००३/७२९
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : शिव प्रसाद यादव, जग्गाको ठेगाना : गढवा-१, दाङ, कित्ता नं. : ३४५९, क्षेत्रफल : ४४०.२० व.मी.

शाखा कार्यालय : बुटवल, रूपन्देही

६६. ऋणीको नाम : माया राना, पिता/पतिको नाम : विकास कुमार राना, बाजे/ससुराको नाम : रन बहादुर राना, स्थायी.ठेगाना : पिपलडाँडा-७, पाल्पा, ना.प्र.नं. : ३९१०३५/८८६, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : शुजन राना, पिता/पतिको नाम : विकास कुमार राना, बाजे/ससुराको नाम : रन बहादुर राना, स्थायी ठेगाना : रम्भा-३, पाल्पा, ना.प्र.नं. : ३९-०१-७८-०६७५२
२.धनजमानीको नाम : शुष्मा राना, पिता/पतिको नाम : विकास कुमार राना, बाजे/ससुराको नाम : रन बहादुर राना, स्थायी ठेगाना : रम्भा-३, पाल्पा, ना.प्र.नं. : ३९-०१-७८-०६७४१

६७. ऋणीको नाम : मनिषा सुनार, पिता/पतिको नाम : उदय बहादुर सुनार, बाजे/ससुराको नाम : गोविन्द लाल सुनार, स्थायी ठेगाना : भुवन पोखरी-१, पाल्पा, ना.प्र.नं. : ३९१०४७/८१४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुसिला वि.क., पिता/पतिको नाम : नारायण प्रसाद जि.आर., बाजे/ससुराको नाम : श्याम प्रसाद गहतराज, स्थायी ठेगाना : रम्भा-४, पाल्पा, ना.प्र.नं. : ११५६६-पर्वत
२.धनजमानीको नाम : अनिल वि.क., पिता/पतिको नाम : राम बहादुर वि.क., स्थायी ठेगाना : देउराली-४, न.प., ना.प्र.नं. : ई.४२८७६

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३
इमेल ठेगाना : ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

शिखर इन्स्योरेन्सको २२औं वार्षिकोत्सवमा ४० जनाले गरे रक्तदान

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ३ मंसिर



शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो २२औँ वार्षिकोत्सवको अवसरमा नेपालगन्जमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। कम्पनीको नेपालगन्ज शाखाले आयोजना गरेको कार्यक्रममा ४० जनाले रक्तदान गर्नु भएको थियो।

नेपालगन्जको धम्बोझीस्थित कम्पनीको शाखा कार्यालय परिसरमा बिहीबार आयोजित रक्तदान कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरूले उत्साहजनक सहभागिता जनाउनु भएको थियो।

कार्यक्रममा सहभागी भई रक्तदान गर्ने सम्पूर्ण रक्तदातालाई शिखर इन्स्योरेन्स नेपालगन्ज शाखाका म्यानेजर कविन शाक्यले धन्यवाद तथा आभार व्यक्त गर्नुभएको छ। उहाँले रक्तदानजस्तो मानवीय र सामाजिक कार्यमा सहभागी हुने सबैप्रति कृतज्ञता व्यक्त गर्नुभयो।

रगतको अभावका कारण कुनै पनि बिरामीले उपचारमा समस्या भोग्न नपरोस भन्ने उद्देश्यले कम्पनीले प्रत्येक वर्ष आफ्नो वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्दै आएको शिखर इन्स्योरेन्स नेपालगन्जका मार्केटिङ अफिसर उपेन्द्र थपलियाले बताउनु भयो।

कम्पनीले आफ्नो व्यावसायिक जिम्मेवारीसँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकतामा राख्दै विभिन्न मानवीय तथा सामाजिक गतिविधिलाई निरन्तरता दिँदै आएको शाखाका म्यानेजर शाक्यले बताउनु भयो।

शिखर इन्स्योरेन्सले २२औँ वार्षिकोत्सवलाई सामाजिक सेवासँग जोड्दै रक्तदान कार्यक्रममार्फत जीवन बचाउने अभियानमा योगदान गरेको हो।

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।